

# प्रेममा साँचो बोल्दै



भल्यूम १ "प्रेममा साँचो बोल्दै हामी सबै कुराहरूमा उहाँसम्म बढौं, जो शिर हुनुहुन्छ" - एफेसी ४:१५ अंक ७

## "म तिमीलाई कुनै रीतिले छोड्नेछैनँ" (हिब्रू १३:५)

लन्डनका एक स्कूले बालकको एउटा कथा छ। उसले एउटा निबन्ध प्रतियोगितामा यसरी लेखेको थियो। "म विश्वास गर्छु कि आज संसारमा यति धेरै जुम्ल्याहा बच्चाहरु जन्मिन्छन्, किनकि बच्चाहरु एक्लै यो संसारमा आउन डराउँछन्।"

यो कुरा रमाइलो र मन छुने छ, तर यसले मानिसको एउटा गहिरो र बारम्बार सताउने समस्यातर्फ ध्यान खिच्छ—एक्लोपन।

परमेश्वरलाई थाहा थियो कि मानिसको संसारमा पाप प्रवेश गरेपछि यो संसार बस्न डरलाग्दो स्थान बन्नेछ। त्यसैले उहाँ आफैं सेवक–मानवको रुपमा पृथ्वीमा आउनुभयो, पाप हटाउन र जीवनभरि र अनन्तसम्म आफ्नो स्थायी उपस्थितिको आश्वासन सम्पूर्ण मानवजातिलाई दिन। हो, परमेश्वर नै येशू ख्रीष्ट हुनुहुन्थ्यो, जो करिब २००० वर्षअघि यस पृथ्वीमा हिँड्नुभयो। हिब्रू १:३ ले भन्छ कि बेथलेहेममा जन्मिनुभएका येशू "उहाँ (परमेश्वर) को व्यक्तित्वको पक्का प्रतिरुप" हुनुहुन्थ्यो।

आज, परमेश्वरको वचन र येशू ख्रीष्टमाथिको तपाईंको विश्वासद्वारा, परमेश्वरका आत्मा सधैंका लागि तपाईंभित्र वास गर्नुहुनेछ, र तपाईंलाई स्वर्गीय घरको सुनिश्चितता दिनुहुनेछ। आजै ख्रीष्टलाई आफ्नो व्यक्तिगत उद्धारकर्ताका रुपमा भरोसा गर्नुहोस्।

## एक परमेश्वर—एक क्षण—एक अनन्तकाल

कति दु:खको कुरा! अनन्तकाल यति गम्भीर छ, सधैं हामी नजिकै छ, तर यसले हामीलाई थोरै मात्र प्रभाव पार्छ, र हामीले यसलाई धेरैजसो बिर्सन्छौं। धेरै वर्षअघि एक ख्रीष्टियन यात्रुले यस्तो बताउँछन् कि उनले फ्रान्सको एउटा सरायको सार्वजनिक कोठामा अनन्तकालको विषयमा लेखिएको आत्मिक चेतावनी एउटा ठूलो कागजमा छापिएको र भित्तामा झुण्ड्याइएको देखे। उनले बुझ्न पाएअनुसार, त्यो चेतावनी त्यस बस्तीको प्रत्येक घरमा राखिएको थियो। त्यसमा यसरी लेखिएको थियो: "यी शब्दहरुको अर्थ राम्रोसँग बुझ्नुहोस्: एक परमेश्वर, एक क्षण, एक अनन्तकाल। एक परमेश्वर, जसले तपाईंलाई देख्नुहुन्छ; एक परमेश्वर, जसको सेवा तपाईंले यति खराब रुपमा गर्नुहुन्छ; एक क्षण, जसको तपाईंले थोरै फाइदा उठाउनुहुन्छ; र एक अनन्तकाल, जसलाई तपाईं यति लापरवाहीपूर्वक जोखिममा पार्नुहुन्छ।"

## ख्रीष्टको रगतले हाम्रो लागि गर्ने तीन कुरा

1. **ख्रीष्टको रगतले हामीलाई हाम्रो पापबाट उद्धार गर्छ।** पावल लेख्छन्: "उहाँमा हामीले, उहाँको अनुग्रहको धनअनुसार उहाँको रगतद्वारा छुटकारा अर्थात् पापहरुको क्षमा पाएका छौं" (एफेसी १:७)। मानिसहरु साङ्लाले बाँधिएका दासहरुजस्तै छन्। कुनै पनि नैतिकता, शिक्षा, वा मानवीय उपलब्धिले आत्मालाई अनन्त नरकबाट बचाउन सक्दैन। केवल ख्रीष्टमार्फत मात्र पापी उद्धार हुन सक्छ। ख्रीष्टको बहुमूल्य रगतले शुद्ध नभई जीवन बिताउनेहरु सधैंका लागि नष्ट हुनेछन्।
2. **ख्रीष्टको रगतले हामीलाई हाम्रो दोषबाट मुक्त गर्छ।** पावल यसरी भन्छन्: "यसकारण अब उहाँको रगतद्वारा धर्मी ठहरिएका हुनाले झन् बढ्ता गरी हामी उहाँद्वारा क्रोधबाट बचाइनेछौं" (रोमी ५:९)। ख्रीष्टको रगतले हामीलाई धर्मी ठहराउँछ, निर्दोष बनाउँछ, र त्यो दोषबाट मुक्त गर्छ जसले हामीमाथि दण्डको आज्ञा ल्याउने थियो।
3. **ख्रीष्टको रगतले हामीलाई परमेश्वरसँग मिलाप गराउँछ।** यसले हामीलाई फेरि उहाँसँग मित्रतामा ल्याउँछ। पावल लेख्छन्: "तर अब ता ख्रीष्ट येशूमा तिमीहरु, जो बितेको समयमा टाढा थियौ, ख्रीष्टको रगतद्वारा नजिक पारिएका छौ" (एफेसी २:१३)। कलवरीमा उहाँको रगत बगाइएपछि, हामी जो पहिले परमेश्वरका सबै लाभ र आशिषहरुबाट टाढा थियौं, अब उहाँको प्रेम र क्षमाको अनुभव गर्न नजिक ल्याइएका छौं।

**अहिले नै ख्रीष्टलाई राज्नुहोस् र यी सबै आशिषहरु जान्नुहोस्।**

*"विश्वास सक्रिय हुन्छ र सधैं येशू ख्रीष्टलाई पहिलो स्थान दिन्छ। विश्वासको जीवन भन्छ— 'प्रभु, तपाईंले भन्नुभएको छ; बुझिनँ भने पनि म तपाईंको वचनमा भरोसा गरेर अगाडि बढ्छु।'"* - ओसवाल्ड चेम्बर्स


© 2026 WORDOFTRUTH.COM.NP

# परमेश्वर संसारमा के गर्दै हुनुहुन्छ?

## अध्याय २ [४ मध्ये भाग ३]

### अब्राहामसितको करार

राष्ट्रहरू सुरु भएपछि, परमेश्वरले देखाउनुभयो कि उहाँले एक नयाँ राष्ट्र—इस्राएल—बनाउने योजना गर्नुभएको थियो। यो राष्ट्रले शैतानको राज्यविरुद्धको उहाँको युद्धमा महत्वपूर्ण भूमिका खेल्ने थियो। यो कुरा परमेश्वरले अब्राम नामको एक मानिससँग गर्नुभएको करारमार्फत प्रकट भयो, जसको नाम पछि अब्राहाम राखियो। अब्राहाम शेमको




वंशमा पर्ने व्यक्ति थिए (उत्पत्ति ११:१०–३०)। मानव जातिलाई शैतानले फेरि बिगारेको भए पनि, परमेश्वरसँग फेरि एक जना यस्तो मानिस थियो जो उहाँको आज्ञा पालन गर्न इच्छुक थियो (हिब्रू ११:८)।

परमेश्वरले अब्राहामसँग गर्नुभएको करारका कारण उनी कनान देशतर्फ गए (उत्पत्ति १२:१–७)। यस करारमा परमेश्वरले अब्राहामलाई तीन प्रकारका प्रतिज्ञा गर्नुभयो—व्यक्तिगत, राष्ट्रिय, र विश्वव्यापी।

राष्ट्रिय प्रतिज्ञा यस्तो थियो कि परमेश्वरले अब्राहामबाट एक महान् राष्ट्र बनाउनुहुनेछ (उत्पत्ति १२:२)। विश्वव्यापी प्रतिज्ञा यस्तो थियो कि अब्राहाममार्फत पृथ्वीका सबै परिवारहरूले आशिष् पाउनेछन् (उत्पत्ति १२:३)। यसले ढाकिएको रूपमा यो प्रतिज्ञा जनायो कि उद्धारकर्ता—जसको उद्धारकार्यले सम्पूर्ण मानवजातिलाई आशिष् दिनेछ—अब्राहामको वंशबाट आउनेछ (मत्ती १:१; लूका ३:२३–२४)। यसरी उद्धारकर्ताको वंशरेखा अब्राहाम र उनका सन्तानहरू, अर्थात् इस्राएल राष्ट्रमा सीमित भयो।

### मिस्रमा बसाइँ

धेरै पुस्तापछि अब्राहामका सन्तानहरू मिस्र देशमा गए (उत्पत्ति ४६:१–७)। उनीहरू त्यहाँ धेरै सय वर्ष बसे, र त्यो समयमा परमेश्वरले तिनीहरूलाई धेरै बढाउनुभयो र समृद्ध बनाउनुभयो (प्रस्थान १:१–७)। त्यतिबेला शैतानलाई स्पष्ट भयो कि इस्राएल परमेश्वरले विशेष रूपमा चुनुभएको राष्ट्र हो, र परमेश्वरले उद्धारकर्तालाई इस्राएलमार्फत पठाएर इतिहासका लागि उहाँको उद्देश्य पूरा गर्न चाहनुहुन्छ। शैतानले बुझ्यो कि यदि उसले परमेश्वरको राज्यलाई हराउन चाह्यो भने उसले इस्राएललाई नष्ट गर्नुपर्छ। त्यसैले मिस्रमा उसले इस्राएलविरुद्ध आक्रमण गर्न सुरु गऱ्यो, र ती आक्रमणहरू इतिहासभरि आजसम्म पनि चलिरहेछन्। यसरी शैतान यहूदीविरोध (Anti-Semitism) को स्रोत बन्यो, र यहूदीविरोध परमेश्वरको राज्यविरुद्ध उसको युद्धको परिणाम हो।

इस्राएललाई नष्ट गर्ने आफ्नो पहिलो प्रयासमा शैतानले मिस्रका राजा फारोको हठी इच्छालाई प्रयोग गऱ्यो। फारोले इस्राएललाई क्रमबद्ध रूपमा नष्ट गर्ने एक दुष्ट योजना बनायो (प्रस्थान १:८–२२)। म्याकिन्टोशले फारोबारे यसो लेखे:

> "व्यर्थ मानिस! उसले आफ्नो वास्तविक अवस्था र स्वभाव कति थोरै चिन्छ! ऊ त केवल शैतानको औजार मात्र हो, जसलाई शैतानले परमेश्वरका उद्देश्यहरूलाई विफल पार्न आफ्नो दुष्ट प्रयासमा उठाएर प्रयोग गरेको छ।"

परमेश्वरले यो शैतानी चालको प्रतिकार गर्न मोशालाई खडा गर्नुभयो, ताकि उनले इस्राएललाई मिस्रबाट कनान देशमा लैजान सकून्, र फारोको इच्छालाई तोड्न मिस्रमाथि दशवटा विपत्तिहरू पठाउनुभयो (प्रस्थान २:१–१२:२८)।

### प्रस्थान

दशौँ विपत्तिपछि फारोको हठ तोडियो। फारो र उसका मानिसहरूले इस्राएलीहरूलाई मिस्र छोड्न भने (प्रस्थान १२:२९–५१)। यसरी इस्राएल मिस्रबाट निस्कन सुरु भयो। यो घटना पुरानो नियमको समयमा इस्राएलका लागि सबैभन्दा ठूलो घटनामध्ये एक थियो।

इस्राएल कनानतर्फ गइरहेको थियो। उनीहरूले लिएको बाटो सिनाई प्रायद्वीपको मरुभूमितर्फ जान्थ्यो। यो यात्राले

शैतानलाई विभिन्न तरिकाले राष्ट्रमाथि आक्रमण गर्ने धेरै अवसरहरू दियो। पहिलो आक्रमण इस्राएलको प्रस्थान सुरु भएको केही समयमै आयो। फारोले इस्राएललाई जान दिएकोमा आफ्नो विचार बदलेर आफ्नो रथदल र सेना लिएर उनीहरूलाई पछ्यायो (प्रस्थान १४:१–९)। लाल समुद्रले बाटो रोकेको हुनाले इस्राएल उम्कन नसक्ने गरी फसेको जस्तो देखिन्थ्यो (प्रस्थान १४:१०–१४)। तर परमेश्वरले समुद्रको पानीलाई दुई भाग पारेर इस्राएललाई अवरोधरहित रूपमा पार गराउनुभयो। जब फारोका रथहरू पछ्याउँदै आए, परमेश्वरले विभाजित पानीलाई फेरि जोडिन दिनुभयो, र यसरी मिस्रको रथदल छोटो समयमै नष्ट भयो (प्रस्थान १४:२१–३१)।

इस्राएलमाथिको संघर्ष जारी रह्यो। शैतानले पहिले पानीको अभावद्वारा मानिसहरूलाई नष्ट गर्ने धम्की दियो, अनि पछि पिउन नहुने पानीद्वारा तिनीहरूलाई अझ दुःख दियो। तर परमेश्वरले मोशालाई पानी कसरी पिउन योग्य बनाउने भनेर देखाएर यसको प्रतिकार गर्नुभयो (प्रस्थान १५:२२–२६)। त्यसपछि शैतानले राष्ट्रलाई भोकमरीको खतरा देखायो, तर परमेश्वरले बटेर र मन्ना भनिने विशेष भोजन दिनहुँ उपलब्ध गराउनुभयो (प्रस्थान १६)। शैतानले फेरि पानीको अभावद्वारा आक्रमण गऱ्यो, तर परमेश्वरले ढुंगाबाट पानी दिनुभयो (प्रस्थान १७:१–७)। शैतानको अर्को



चाल अमालेकीहरूद्वारा आक्रमण थियो, तर मोशाले प्रार्थना गर्दा परमेश्वरले इस्राएललाई सैनिक विजय दिनुभयो (प्रस्थान १७:८–१६)।

मिस्रबाट प्रस्थान गरेपछि तीन महिनाभित्रै इस्राएल सिनाई पर्वतको वरिपरि छाउनी बसेको थियो (प्रस्थान १९:१–२)। इस्राएल त्यहाँ रहँदा, परमेश्वरले मोशामार्फत उनीहरूसँग एउटा करार स्थापना गर्नुभयो। यस करारले परमेश्वर र इस्राएललाई औपचारिक र आधिकारिक रूपमा एक–अर्कासँग बाँध्यो (प्रस्थान १९:३–८)। यद्यपि यसलाई मोशाको करार भनेर चिनिन्छ, तर यो अझ व्यापक रूपमा व्यवस्थाका नामले परिचित छ (प्रस्थान २०:१–२३:१९)।

किनकि इस्राएल त्यही राष्ट्र हुनुपर्ने थियो, जसको माध्यमबाट उद्धारकर्ता आउनुहुन्थ्यो, त्यसैले उसलाई अन्य राष्ट्रहरूमा व्याप्त सत्यत्याग र विकृत जीवनशैलीबाट पूर्ण रूपमा सुरक्षित राखिनु अत्यन्तै आवश्यक थियो। यही स्वतन्त्रता सुनिश्चित गर्न परमेश्वरले इस्राएललाई व्यवस्थाको अधीनमा राख्नुभयो। उद्धारकर्ता नआएसम्म पापपूर्ण र सत्यत्यागी प्रवृत्तिहरूलाई नियन्त्रणमा राख्ने बाह्य नियन्त्रण–व्यवस्थाका रूपमा व्यवस्था दिइएको थियो (गलाती ३:१५–४:५)। यस प्रकारको नियन्त्रण प्रभावकारी रूपमा कार्यान्वयन गर्न, व्यवस्थाले सत्यत्याग र विकृत आचरणमा दोषी ठहरिएका व्यक्तिहरूलाई तुरुन्तै मृत्युदण्ड दिनुपर्ने व्यवस्था गरेको थियो (प्रस्थान २१:१२–१७; २२:१८–२०)। किनकि उद्धारकर्ताको आगमन सम्पूर्ण मानवजातिको हितका लागि निर्णायक र अत्यन्तै महत्वपूर्ण थियो, र त्यो कुनै एक विद्रोही वा विकृत व्यक्तिको जीवनभन्दा धेरै माथि र ठूलो कुरा थियो।

यसकारण, इस्राएलले व्यवस्था पालन गऱ्यो कि गरेन भन्ने कुरा कुनै तुच्छ वा गौण विषय थिएन। यो तथ्य इस्राएलको मनमा गहिरोसँग बसाल्न परमेश्वरले राष्ट्रलाई चेतावनी दिनुभयो कि करारप्रति उसको सम्बन्धले नै उसको भविष्यको ऐतिहासिक दिशा निर्धारण गर्नेछ। जबसम्म उसले करार पालन गर्थ्यो, परमेश्वरले उसलाई अन्य सबै राष्ट्रहरूभन्दा बढ्ता आशिष् दिनुहुन्थ्यो र सबै प्रकारका हानिबाट सुरक्षित राख्नुहुन्थ्यो (लेवी २६:३–१३; व्यवस्था विवरण २८:१–१४)। तर यदि उसले करार तोड्थ्यो भने, परमेश्वरले आफ्नो रक्षक उपस्थिति उसबाट हटाउनुहुनेछ र अन्यजाति राष्ट्रहरूको विजय, उजाडपन र तितरबितर पारिने अवस्थामार्फत उसलाई ताडना दिनुहुनेछ (लेवी २६:१४–३९; व्यवस्था २८:१५–६८)। यद्यपि, परमेश्वरले सत्यत्यागबाट पश्चात्ताप गर्ने राष्ट्रको एउटा अवशेष (remnant) अवश्यै सुरक्षित राख्ने प्रतिज्ञा गर्नुभएको थियो (लेवी २६:४०–४६)। यसकारण, इस्राएल राष्ट्र कहिल्यै पूर्ण रूपमा नष्ट हुने थिएन।

साभार: What On Earth Is God Doing by Renald Shower

*(क्रमश: आगामी अंकमा)*

***"तिमीहरूको कोमलता सबै मानिसहरूलाई थाह होस्। प्रभु नजिकै हुनुहुन्छ" - फिलिप्पी ४:५***

नरम स्वरमा बोल्नुहोस्। डरभन्दा प्रेमद्वारा शासन गर्नु धेरै उत्तम हुन्छ। नरम स्वरमै बोल्नुहोस्। यहाँ हामीले गर्न सक्ने राम्रो कामलाई कुनै कठोर शब्दले बिगार्न नदिऊँ।"-
आइज्याक वाट्स



## बाइबल

यो मेरो समझलाई उज्यालो पार्ने ज्योति हो, मेरो हृदयलाई आनन्दले भरिदिने स्रोत हो, मेरो आशाको सम्पूर्णता हो। यसले मेरा भावनाहरूलाई शुद्ध र स्पष्ट बनाउँछ, मेरा विचारहरूको ऐनाजस्तै काम गर्छ, मेरा दुःखमा सान्त्वना दिन्छ, र समयको यो उदास र जटिल भूलभुलैयाभित्र मेरो आत्मालाई डोर्याउँदै लैजाने मार्गदर्शक हुन्छ। यो स्वर्गबाट पठाइएको दूरबीन हो, जसले मानिसको आँखामा अत्यन्त टाढाको संसारका आश्चर्यजनक महिमाहरू प्रकट गरिदिन्छ। यसमा रहेका हरेक प्रतिज्ञाले मलाई स्वर्गतर्फ बोलाउँछ—हरेक आज्ञाले आदेश दिन्छ, हरेक उपदेशले त्यतैतर्फ अघि बढ्न जोड दिन्छ—र हरेक चेतावनीले अनन्त हानिको खतराबारे मलाई सजग गराउँछ।

## सबैभन्दा बुद्धिमान काम


"हाम्रा सहमानवलाई सबैभन्दा उच्च अर्थमा आशिष् दिनु भन्दा बुद्धिमानी काम अरु के हुन सक्छ? — खुला खाडलतिर झर्दै गरेको एउटा आत्मालाई तान्नु, महिमाले भरिएको स्वर्गतिर उठाउनु, शैतानको दासत्वबाट एउटा अमर प्राणीलाई मुक्त गर्नु, र उसलाई ख्रीष्टको स्वतन्त्रतामा ल्याउनु।"

- चार्ल्स स्पर्जन

परमेश्वरसँग भेट नगरी दिनको सामना नगर्नुहोस्। "मबाट अलग भएर तिमीहरूले केही पनि गर्न सक्दैनौं।" (यूहन्ना १५:५)

## उनीहरूको गोप्य शक्ति

ख्रीष्टियन विश्वास छिटो फैलँदै गएकोले बिथिनियाका राज्यपाल प्लिनी द यङ्गर चिन्तित भए, किनकि धेरै मानिसहरूले आफ्ना पुराना मूर्तिपूजक उपासनाहरू छोडिरहेका थिए। सन् ११० तिर उनले रोमी सम्राट ट्राजनलाई एउटा पत्र लेखे। त्यस पत्रमा उनले त्यतिबेलाका ख्रीष्टियनहरू र उनीहरूको आराधनाबारे आफूले थाहा पाएको कुरा बताए। उनले लेखे "उनीहरू निश्चित दिनमा बिहान उज्यालो हुनुअघि भेला हुने र ख्रीष्टलाई परमेश्वरका रूपमा स्तुतिको भजन गाउने गर्दछन्।"



यसरी अनजानमै राज्यपालले ख्रीष्टियमतको शक्तिको रहस्य बताइदिए। ख्रीष्टियनहरूले येशू ख्रीष्टलाई परमेश्वरका रूपमा उपासना गर्थे।

***"तर प्रियहरूहो, तिमीहरूले चाहिँ... आफूलाई परमेश्वरको प्रेममा लगाइराख" (यहूदा १:२०,२१)***

यदि तपाईं छायाँहरू हटाउन चाहनुहुन्छ भने, आफ्नो अनुहार सूर्यको उज्यालोतर्फ फर्काउनुहोस्।

परमेश्वरको प्रेम तपाईंको वरिपरि र तपाईंमाथि चम्किरहेको छ। आफूलाई त्यसका किरणहरूको उज्यालोमा राख्नुहोस्। परमेश्वरको प्रेमलाई तपाईंका लागि योजना बनाउन दिनुहोस्। उहाँको प्रेमले तपाईंका लागि सबैभन्दा उत्तम कुरा मात्र प्रबन्ध गर्न दिनुहोस्। उहाँको निरन्तर प्रेम देखिँदै जाँदा, उहाँले तपाईंलाई विशेष रूपमा ध्यान दिनुहुन्छ भन्ने कुरा तपाईंलाई सधैं निश्चित गराइरहनेछ। आफ्नै लागि कुराहरू पाउन नखोज्नुहोस्; त्यसो गर्नुभयो भने तपाईं परमेश्वरलाई बिर्सनुहुनेछ। जब तपाईं उहाँको राज्य खोज्नुहुन्छ र उहाँले यी सबै कुरा तपाईंलाई थपिदिनुहुन्छ, तब तपाईं परमेश्वरको प्रेमको न्यानो अनुभूति पाउनुहुनेछ, र त्यहीँ तपाईं सुरक्षित रहनुहुनेछ।

*प्रिय पाठक, आत्मिक सहायता पाउन तल उल्लेख भएको चर्चलाई सम्पर्क गर्नुहोला। उहाँहरू अवश्य पनि खुशी हुनुहुनेछ र तपाईंलाई परमेश्वरको सत्यता जान्न सहायता गर्नुहुनेछ।*

*- सम्पादक*

कतिपय मानिस सुन र सम्मान खोजिरहेका छन्,
आफ्नो सम्पत्ति बढाउनकै लागि बाँचिरहेका छन्;
तर मेरा प्रियको स्वर बिस्तारै भन्छ,
"हे ख्रीष्टियन, मलाई अझ बढी प्रेम गर।"